# ढोरपाटन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ

पत्र संख्याः
चलानी नं.:
गण्डकी प्रदेश, नेपाल
मितिः २०८०/१०/२५


## फलफूल नर्सरी स्थापना कार्यक्रम प्रस्ताव आव्हानको सूचना ।

### प्रथम पटक सूचना प्रकाशन मिति :- २०८०।१०।२५

ढोरपाटन नगरपालिकाको चालु आ.ब.२०८०।०८१ को स्वीकृत वार्षिक कृषि विकास कार्यक्रम अनुसार फलफूल नर्सरी स्थापना कार्यक्रम अनुसार उपोष्ण प्रदेशीय फलफूल ( सुन्तलाजात फलफूल जस्तै सुन्तला, कागती,जुनार आदि ) जस्ता फलफूलहरुको नर्सरी स्थापनाको लागि ५० प्रतिशत अनुदानमा कार्यक्रम संचालन गर्नुपर्ने भएकाले ढोरपाटन नगरपालिका भित्र दर्ता भई संचालन रहेका ईच्छुक कृषक समुह कृषि सहकारी संस्था निजी फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशन भयको मितिले १५ दिन भित्र ( मिति २०८०।११।१० गते सम्म ) कार्यालय समयमा ढोरपाटन नगरपालिका कृषि विकास शाखामा तपसीलका कागजातहरु संलग्न राखी माग निवेदन पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। रित नपुगी एवं म्याद नाघी प्राप्त हुनआएका माग निवेदन उपर कुनै कारबाही हुने छैन।

| क्र.स. | कार्यक्रम विवरण | कार्यक्रम संख्या | अनुदान प्रतिशत |
|---|---|---|---|
| १. | फलफूल नर्सरी स्थापना कार्यक्रम | २ ओटा | ५० प्रतिशत |

**शर्तहरु :**

- ग्रिनहाउस /ग्यास हाउस/प्लास्टिक घर बनायको क्षेत्रफल न्युनतम २५० वर्ग मिटर हुनु पर्नेछ ।
- नर्सरी घरमा न्युनतम २००० बहुवर्षे फलफूल विरुवा वार्षिक रुपमा रुपमा उत्पादन हुनु पर्नेछ।
- नर्सरी धनीले उत्पादित विरुवा वितरण पूर्व अनुमति पत्र लिनुपर्नेछ र वार्षिक विक्रि योग्य उत्पादन तथा विक्री गरिएको अभिलेख राख्नपर्नेछ।
- सुन्तलाजात फलफूलको हकमा सिट्रस ग्रिनिग्ङ र सिट्रस टिस्टिजा भाइरस मुक्त विरुवा उत्पादन गर्नका लागि समुन्द्री सतहबाट १००० मीटर भन्दा माथिको स्थान हुनपर्नेछ र स्क्रीनहाउस भित्र नर्सरी स्थापना भएको हुनुपर्नेछ।
- सिफारिस गरिएको वीउ /रुटस्टक /माउबोटको सायन प्रयोग गरी सम्बन्धित प्राविधिकको निगरानीमा स्वस्थ विरुवा उत्पालन गर्नपर्नेछ।

..............................
२०८०।१०।२५

विष्णु प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

आवश्यक कागजातहरु :

- कार्यक्रम माग निवेदन ।
- कृषि समुह सहकारी , सहकारी संस्था ,निजि फर्म वा कम्पनीहरुको संस्था दर्ता प्रमाण पत्र ,स्थायी लेखा नं. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
- कृषक समुह , सहकारी संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपी ।
- नर्सरी स्थापना गर्ने जग्गाको लालपुर्जा प्रमाण पत्रको प्रतिलिपी तथा जग्गा करारमा लिएको भए करार सम्झौता पत्रको प्रतिलिपी ।
- सडक /विजुली र पानीको स्रोत रहे नरहेको विवरण ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

थप जानकारीको लागि ढोरपाटन नगरपालिका कृषि शाखामा सम्पर्क राख्न सकिने छ । सम्पर्क मोवाइल नम्वर ९८५७६७७७८८

..........................२०८१/१०/२८
विष्णु प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत